# के.आई.सिंह गाउँपालिका

## K.I.Singh Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

वायल, डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpachim Province,

प.सं: २०८०/०८१
चलानी नं:

२०८०।१०।२९

**आ.ब. २०८१।०८२ का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिने सम्बन्धि सूचना**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम **आर्थिक वर्ष २०८१।८२ मा यस के.आई.सिंह गाँउपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका** काममा योगदान गर्न ईच्छुक (१८-५९ बर्ष) तपसिल बमोजिमको मापदण्ड पुगेका बेरोजगार व्यक्तिहरुले २०८० फागुन ०१ गतेदेखि २०८० फागुन ३० गते भित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को अनुसूची-१ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी यस गाउँपालिकाको वेवसाईट www.kisinghmun.gov.np तथा प्रत्येक वडा समितिका कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ । विस्तृत जानकारी लागी गाउँपालिकाको वेवसाइट र फेसबुकका साथै गाउपालिकाको रोजगार केन्द्रमा सम्पर्क गर्नु होला ।

**तपशिल**

**बेरोजगार व्यक्ति सूचिकृत हुनका लागि आवश्यक मापदण्ड तथा प्राथमिकता**

(क) न्यून आय भएका (चालु आ.ब. २०८०।८१ मा रू ६६,८००।– भन्दा कम) तथा स्वरोजगारमा संलग्न नभएका ।
(ख) चालु आ.ब. २०८०।८१ मा न्युनतम रोजगारीमा संलग्न नभएको ।
(ग) कृषि उत्पादन तथा ज्याला मजदुरीले ३ महिनासम्म खान नपुग्ने परिवारको सदस्य ।
(घ) भूमिहिन तथा सुकुम्वासी,अल्पसंख्यक समुदाय,लोपोन्मुख जनजाती,सिमान्तकृत वर्ग,एकल महिला,शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य,अपांङगता भएका परिवारको सदस्य आदि ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु**

१. पुर्ण रुपमा भरेको बेरोजगार दर्ताको निवेदन थान -१ (अपुर्ण निवेदन स्वतः निष्कृय हुनेछ)
२. निवेदकको नागरिकता प्रतिलिपि थान-१
३. निवेदकको पासपोर्ट साईजको फोटो थान-१
४. निवेदकको परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि थान-१ (बालबालिकाको हकमा उमेर खुल्ने कागजातको प्रतिलिपि)

**वोधार्थः**
सूचना प्रविधि शाखा,वेवसाइटमा उपलोड गर्नु हुन ।

सुरत बहादुर परियार
**प्रमुख प्रशासकीय अधिकृत**